# माधव नारायण नगरपालिका, रौतहट

स्थानीय राजपत्र

वर्ष : ८ संख्याः ४ मितिः २०८१/०७/२६

## भाग - २

## माधवनारायण नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि व्यवस्थापन गर्न बनेको कार्यविधि, २०८१

प्रस्तावना : माधवनारायण नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न बान्छनीय भएकाले मधेश प्रदेशबाट प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी माधवनारायणनगरपालिकाको नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिका को माधवनारायणनगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न बनेको कार्यविधि, २०८१ रहने छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) " संविधान " भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) " ऐन " भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ग) " स्थानीय सेवाभन्नाले "मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ द्वारा गठित स्थानिय सेवा सम्झनु पर्छ।

(ग) " कर्मचारी " भन्नाले यस निर्देशिकाको प्रयोजनका लागि "मधेश प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ अनुसार स्थानिय सेवाको पदमा वहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ र सो शब्दले कर्मचरी समायोजन ऐन २०७५ बमोजिम माधवनारायण नगरपालिका रौतहटमा समायोजन भएका र हालकार्यरत कर्मचारीहरुलाई समेत जनाउछ।

(घ) " स्थानीय तह " भन्नाले माधवनारायणनगरपालिका रौतहट सम्झनु पर्दछ।

(ङ) " सेवा सुविधा " भन्नाले प्रचलित कानुन बमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पुर्ण सेवा सुविधालाई सम्झनुपर्दछ। सो शब्दले सेवा निवृत्त भए पश्चात प्राप्त गर्ने सेवा सुविधा समेतलाई जनाउने छ।

(च) न्यूनतम शैक्षिक योग्यता " भन्नाले प्रचलित कानुनमा सुरु सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता र तह वद्धि हुने पदको लागि निर्धारित शैक्षिक योग्यतालाई सम्झनुपर्दछ।

(छ) " प्रमुख प्रशासकीय अधिकृत " भन्नाले माधवनारायणनगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा सो बमोजिमको जिम्मेवारीमा रहेको कर्मचारीलाइ सम्झनु पर्दछ।

४. तह वृद्धि सम्वन्धी विशेष व्यवस्थाः (१) मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा ( गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६र सोही ऐनको दफा २९ को उपदफा १ र २ अनुसार हुने तह वृद्धि सम्वन्धी व्यवस्था बुझ्नु पर्नेछ।

५. परामर्श लिनु पर्नेःतह वृद्धि गर्नु पर्ने अवस्थामा स्थानीय सेवा (गठन तथा सञ्चालन, ऐन, २०८१ को दफा १५७ को उपदफा २ अनुसार प्रदेश लोक सेवा आयोग, मधेश प्रदेशको पूर्व परामर्श लिनु पर्नेछ।

६. सूचना प्रकाशित गर्नु पर्ने व्यवस्था: मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ४ को उपदफा ६र सोही ऐनको दफा २९ को उपदफा १ र २ अनुसार हुने तह वृद्धि सम्वन्धी सूचना आर्थिक वर्षको मंसिर महिना वा जेष्ठ महिनामा प्रकाशित गरी माधवनारायणनगरपालिकाको वेब साइटमा अपलोड गर्नु पर्नेछ।

७.निवेदन पेश गर्ने:यस निर्देशिका अनुसार प्रकाशित सूचनामा उल्लेखित म्याद भित्र तह वृद्धि हुन योग्यता पुगेका सम्वन्धित कर्मचारीले अनसूची १ अनुसारको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

८. समिति गठन सम्बन्धी व्यवस्था: मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६ र सोही ऐनको दफा २९ को उपदफा १ र २ अनुसार हुने तह वृद्धि सम्वन्धी सिफारिस गर्न देहाय अनुसार तह वृद्धि सिफारिस समिति गठन गर्नु पर्नेछ ।

१. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृत स्तरको कर्मचारी - संयोजक

२. प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला स्थित अधिकृत स्तरको कर्मचारी --------------------सदस्य

३. प्रमुख प्रशासकियअधिकृत माधवनारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय- ------सदस्य सचिव

सेवा समुह संग सम्वन्धित विषयको विज्ञको रुपमा अधिकृत स्तरको कर्मचारीलाई तह वृद्धि तथा बढुवा समितिले आमन्त्रित गर्न सक्नेछ ।

९. निर्णय गर्नु पर्ने: तह वृद्धि हुने पदको हकमा सहायक स्तरको पदमा र अधिकृत स्तरको छैठौ तह सम्मको पदको लागि तह वृद्धि हुने निर्णय तह वृद्धि सिफारिस समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले र अधिकृत स्तर सातौं तह र सो भन्दा माथिल्लो तहको हकमा माधवनारायणनगरपालिका, नगर कार्यपालिकाले निर्णय गर्नु पर्नेछ ।

१०. पदस्थापन सम्वन्धी विशेष व्यवस्था: मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा ( गठन तथा सञ्चालन) ऐन,२०८१ को दफा ४ को उपदफा ६ र सोही ऐनको दफा २९ को उपदफा १ र २ अनुसार हुने तह वृद्धि हुने निर्णय भएपछि तह वृद्धि हुने पदको दरबन्दी स्वत:सिर्जना भई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ अनुसार तह वृद्धि भएको पत्र दिई सो को जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोग लगायत सम्वन्धित सवै निकायमापठाउनु पर्नेछ ।

११. अपुग रकम वरावरको ग्रेड थप: कर्मचारीहरुको तह वृद्धि भई नयाँ तलबमान कायम भई निजले खाइपाई आएको साबिक तलबमान भन्दा कम हुने भएमा अपुग रकम बराबरको ग्रेड थप गरी तलवमान कायम गरिनेछ ।

१२. ज्येष्ठता निर्धारणको आधार: समायोजन हुनु भन्दा अघिल्लो तहमा कायम भएको ज्येष्ठतालाई नै ज्येष्ठता निर्धारणको आधार मानिने छ।

१३. आवश्यक व्यवस्था मिलाउने: यो निर्देशिका कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो कार्यविधिको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउने छ।

१४. व्याख्या: यो कार्यविधिको सम्बन्धमा नगर कार्यपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ ।

१५. खारेजी एवं बचाउ: तह वृद्धि सम्वन्धी भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको गरेको मानिनेछ ।

अनुसुची -१
(निवेदनको ढाँचा)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
नगर कार्यपालिकाको कार्यालय, माधोपुर

विषय:तह वृद्धि गरी पाउँ ।

मिति: २०८१।८।

महोदय,

उपर्युक्त विषयमा म यस कार्यालयको स्वीकृत दरबन्दीमा शुरु नियुक्ति/कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भई कार्यरत रहेकोमा मधेश प्रदेश सरकारबाट प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६/दफा २९ को उपदफा १ र २ बमोजिम १ तह माथिल्लो पद तथा तहमा तह वृद्धि हुन योग्यता पूरा गरेकोले निम्न विवरण खुलाई आवश्यक प्रमाणपत्रहरुको प्रतिलिपि यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु।

| हाल कार्यरत पद तथा तहको विवरण | तह वृद्धि हुने पद तथा तहको बिवरण |
|---|---|
| शुरु नियुक्ति भएको पद:<br>शुरु नियुक्ति भएको तह:<br>शुरु नियुक्ति मिति:<br>समायोजन भएको पद:<br>समायोजन भएको तह:<br>समायोजन भएको मिति:<br>हाल कार्यरत पद :<br>तह :<br>सेवा :<br>समूह : | तह वृद्धि हुने पद:<br>तह वृद्धि हुने तह:<br>सेवा:<br>समुह |

संलग्न कागजात:

१. शुरु नियुक्ति पत्रको प्रतिलिपि थान-१निवेदक
२. समायोजन भएको पत्रको प्रतिलिपि थान-१नामथर:
३. हालको पदमा तह वृद्धि भएको पत्रको प्रतिलिपि थान-१स्थायी ठेगाना:जिल्ला ........गा.वि.स./न.पा.......वडा नं...
४. अन्तिम (माथिल्लो) शैक्षिक योग्यता प्रमाणपत्रहरुको प्रतिलिपि थान-१ हालको ठेगाना

अनुसूची- २
(दफा १०संग सम्बन्धित)
माधवनारायणनगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माधोपुर, रौतहट
मधेश प्रदेश, नेपाल

मितिः-

प.सं.-
च.न.-
श्री.........................................
.........................................

विषयः- तह वृद्धि तथा पदस्थापना गरिएको ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकामा कार्यरत कर्मचारीको तह वृद्धिको लागि प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषाबाट प्राप्त परामर्श तथा तह वृद्धि सिफारिस समितिको सिफारिसको आधारमा कार्यपालिकाको/प्रमुख प्रशासकीय अधिकृतको मिति ................नगर को निर्णयानुसार मधेश प्रदेश सरकारबाट प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६/दफा २९ को उपदफा १ र २ बमोजिम मिति ......................गते देखि लागु तथा मिति ..................देखि नै ज्येष्ठता कायम हुने गरीतपाईलाई देहाय बमोजिमको पद तथा तहमा तह वृद्धि तथा पदस्थापन गरिएको छ ।
तह वृद्धि तथा पदस्थापन हुनु भएकोमा हार्दिक बधाईका साथै उज्ज्वल भविष्यको कामना छ।

| कार्यरत पद तथा तहको विवरण | तह बृद्धि भएको पद तथा तहंको बिवरण |
|---|---|
| पद :<br>तह :<br>सेवाः<br>समुह | पद :<br>तह :<br>सेवाः<br>समुह |

प्रमुख प्रशासकिय अधिकृत

बोधार्थ
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा, नेपाल ।
श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा नेपाल।
श्री प्रदेश किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा नेपाल ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमाडौं।
श्री कर्मचारी संचय कोष, त्रिदेवी मार्ग ठमेल, काठमाण्डौ ।
श्री आर्थिक प्रशासन शाखा, माधवनारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, माधोपुररौतहट ।
प्रमाणिकरण मिति : २०८१।७२६

आज्ञाले,
प्रमुख प्रशासकिय अधिकृत